**चुरे गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**घरखेडा, कैलाली**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

# खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम २०७९

**पद : प्रारम्भिक बालविकास सहजकर्ता** — **तह : प्रारम्भिक बालविकास**

**पहिलो चरण : लिखित परीक्षा** — **पूर्णाङ्क : १००**

**उत्तीर्णाङ्क : ४०**

| खण्ड | विषय | पूर्णाङ्क | प्रश्नको प्रकार | प्रश्न सङ्ख्या | अङ्कभार | समय |
|---|---|---|---|---|---|---|
| क | सामान्य ज्ञान र शिक्षा सम्बन्धी | ४० | वस्तुगत (बहुवैकल्पिक) | ४० | ४०×१ =४० | १ घण्टा |
| ख | शिक्षण विधि र विषयगत ज्ञान सम्बन्धी | ६० | विषयगत (क) छोटो उत्तरात्मक | ६ | ६×५ = ३० | २ घण्टा |
| | | | (ख) लामो उत्तरात्मक | ३ | ३×१० = ३० | |

**खण्ड क : सामान्यज्ञान र शिक्षा सम्बन्धी (४० अङ्क)**

१. नेपालको भूगोल (अवस्थिति, क्षेत्रफल, प्रमुख हिमाल, ताल, नदी) (३)
२. नेपालको प्रशासनिक विभाजन (सङ्घ, प्रदेश र स्थानीय तह) (२)
३. नेपालको इतिहास (२००७ सालदेखि हालसम्मका मुख्य घटनाक्रम) (२)
४. नेपालको शैक्षिक इतिहास (राणाकालदेखि हालसम्मका मुख्य मुख्य घटना र तिथिमिति) (३)
५. शिक्षाको परिचय, स्वरूप र कार्य (१)
६. मानव वृद्धि र विकासको अवधारणा (१)
७. मानव विकासका चरणहरू (१)
८. पूर्वबाल्यावस्थाको परिचय, विशेषता र विकासात्मक कार्य (२)
९. सिकाइको परिचय, परिभाषा, स्वरूप र सिकाइमा प्रभाव पार्ने तत्त्वहरू (२)
१०. सिकाइको स्थानान्तरण : परिचय र प्रकार (१)
११. पाठ्यक्रमको अवधारणा : परिचय, परिभाषा र तत्त्वहरू (२)
१२. नेपालको विद्यालय शिक्षाको तहगत संरचना र उमेर (१)
१३. नेपालको विद्यालय शिक्षाको वर्तमान पाठ्यक्रम संरचना र मूल्याङ्कन प्रणाली (३)
१४. नेपालको विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्य (१)
१५. प्रारम्भिक बालविकास तथा शिक्षाका सक्षमताहरू (१)
१६. शिक्षण सिकाइमा सूचनाप्रविधिको महत्त्व र प्रयोग (२)

विविराज सोती
प्रमुख प्रशासकिय अधिकृत

... बहादुर बोगटी
अध्यक्ष

Scanned with CamScanner

१७. कक्षाकोठा व्यवस्थापन र शैक्षणिक सङ्गठन (कक्षा शिक्षण, विषयशिक्षण, बहुकक्षा शिक्षण, बहुकक्षा बहुस्तर शिक्षण (२)

१८. समसामयिक राष्ट्रिय घटनाक्रम (३)

१९. नेपालको सविधान (परिचय र मौलिक हक (शिक्षा र बालबालिका सम्वन्धी) (२)

२०. शिक्षा ऐन २०२८ (२)

२१. शिक्षा नियमावली २०५९ (शिक्षकका सेवा, सुविधा र सर्त) (२)

२२. स्थानीय सरकार सञ्चालन ऐन २०७४(शिक्षासम्बन्धी व्यवस्था)(१)

**खण्ड ख : शिक्षण विधि र विषयगत ज्ञान सम्बन्धी (६० अङ्क)**

१. शिक्षण विधिको वर्गीकरण, प्रयोग, सबल र दुर्बल पक्षहरू

२. शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग

३. दैनिक पाठयोजना निर्माण र प्रयोग

४. कक्षाकोठा व्यवस्थापन र शैक्षणिक सङ्गठन

५. शैक्षणिक सामग्रीका प्रकार, प्रारम्भिक बालविकास तथा शिक्षामा प्रयोग गर्न सकिने सामग्री निर्माण र प्रयोग

६. प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम २०७७

७. प्रारम्भिक बाल विकास तथा शिक्षामा अपनाउन सकिने मूल्याङ्कन विधि र सामग्री

८. पूर्व बाल्यावस्था : परिचय, विशेषता र विकासात्मक कार्य

९. प्रारम्भिक बालविकासमा शिक्षक र अभिभावकको भूमिका

१०. प्रारम्भिक बालविकासमा प्रभाव पार्ने तत्त्वहरू

११. आधारभूत भाषिक र गणितीय सिप र समस्या समाधान

१२. असल वालविकास सहजकर्ताका गुणहरू

१३. विद्यालय वा कक्षामा घट्न सक्ने दुर्घटनाबाट बच्ने उपाय र प्राथमिक उपचार प्रक्रिया

**दोस्रो चरण : अन्तर्वाता (२० अङ्क)**

अन्तवार्ताको अङ्कलाई देहाय बमोजिम विभाजन गरिएको छ :

१. शैक्षिक योग्यता : ५ अङ्क

(क) न्यूनतम योग्यतावापत : ३ अङ्क (प्रथम श्रेणी/बी ग्रेड वा सोभन्दा माथि भए ३ अङ्क, द्वितीय श्रेणी/ सी प्लस ग्रेड भए २ अङ्क र सोभन्दा तल भए १ अङ्क)

(ख) माथिल्लो योग्यतावापत : २ अङ्क (प्रथम श्रेणी/बी ग्रेड वा सोभन्दा माथि भए २ अङ्क, द्वितीय श्रेणी/ सी प्लस ग्रेड भए १ अङ्क र सोभन्दा तल भए ०.५ अङ्क)

२. अन्तवार्ता : १५ अङ्क

(क) व्यक्तित्व : २ (ख) विषयवस्तुको ज्ञान ४ (ग) प्रविधिको ज्ञान (३) (घ) प्रस्तुतीकरण ६

(अन्तवार्तावापतको अङ्क दिंदा ३५ प्रतिशतभन्दा कम र ७० प्रतिशतभन्दा बढी अङ्क दिनुपरे स्पष्ट कारण उल्लेख गर्नुपर्ने छ ।)

**लिखित परीक्षाको माध्यम नेपाली, अंग्रेजी वा दुवै भाषा हुन सक्ने छ ।**

**यो पाठ्यक्रम मिति २०७९।११।१४ देखि लागु हुनेछ ।**

विविराज सौती
... प्रशासकिय अधिकृत

... बहादुर बोगटी
अध्यक्ष

Scanned with CamScanner

नमुना प्रश्न

खुला प्रतियोगितात्मक

प्रारम्भिक बालविकास सहजकर्ता छनोट परीक्षा २०७९

नमुना प्रश्नपत्र

खण्ड क : वस्तुगत

पूर्णाङ्क : ४०

**प्रश्नमा दिइएका विकल्पमध्ये सर्वोपयुक्त विकल्प क, ख, ग वा घ छानी उत्तरपुस्तिकामा लेख्नुहोस् :**

१. तराई प्रदेशले नेपालको कुल भूभागको कति प्रतिशत क्षेत्रफल ओगटेको छ ?

(क) १५ (ख) १६ (ग) १७ (घ) १८

२. नेपालको सबैभन्दा लामो नदी कुन हो ?

(क) कर्णाली (ख) कोशी (ग) गण्डकी (घ) महाकाली

३. बिसहजारी ताल कुन जिल्लामा पर्दछ ?

(क) कास्की (ख) चितवन (ग) रसुवा (घ) कपिलवस्तु

४. नेपालमा महानगरपालिकाको सङ्ख्या कति रहेको छ ?

(क) ५ (ख) ६ (ग) ७ (घ) ११

५. सुदूरपश्चिम प्रदेशमा कति स्थानीय तह रहेका छन् ?

(क) ८८ (ख) १०९ (ग) ७९ (घ) ८४

६. नेपालमा कमैया प्रथाको अन्त्य घोषणा कहिले भएको हो ?

(क) वि.सं. २०५५ (ख) वि.सं. २०५६ (ग) वि.सं. २०५७ (घ) वि.सं. २०५८

७. गणतन्त्र नेपालका पहिलो प्रधानमन्त्री को हुन् ?

(क) पुष्पकमल दाहाल प्रचण्ड (ख) सुशील कोइराला (ग) झलनाथ खनाल (घ) गिरिजा प्र. कोइराला

८. उपत्यकाबाहिर पहिलो अंग्रेजी स्कुल कुन जिल्लामा खोलिएको हो ?

(क) सप्तरी (ख) सिराहा (ग) रौतहट (घ) धनुषा

९. नेपालमा महिला शिक्षाको सुरुवात कुन प्रधानमन्त्रीका पालामा भयो ?

(क) वीरशमशेर (ख) देवशमशेर (ग) चन्द्रशमशेर (घ) भीमशमशेर

१०. पहिलो जननिर्वाचित शिक्षामन्त्री को हुन् ?

(ख) लक्ष्मीप्रसाद देवकोटा (ग) परशुनारायण चौधरी (घ) नृपजंग राणा (घ) शारदाशमशेर

चक्र बहादुर बोगटी
अध्यक्ष

प्र.प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

११ तलका मध्ये औपचारिक शिक्षाको स्वरूप कुन होइन ?

(क) पूर्वनियोजित कार्यक्रम हुनु (ख) श्रेणीबद्ध र सङ्गठित हुनु

(ग) लचिलो प्रकृतिको हुनु (घ) प्रमाणपत्र वितरणमा आधारित हुनु

१२ मानव विकासका सन्दर्भमा तलको कुन भनाइ गलत छ ?

(क) विकास परिपक्वता र सिकाइको प्रतिफल हो । (ख) विकासमा परिवर्तन हुन्छ ।

(ग) अगिल्लो विकासभन्दा पछिल्लो विकास ज्यादा जटिल हुन्छ । (घ) विकासमा भविष्यवाणी गर्न सकिन्न ।

१३ मानव विकासको कुन चरणलाई खप्टिएको अवस्था भनेर चिनिन्छ ?

(क) शैशवावस्था (ख) किशोरावस्था (ग) उत्तर बाल्यावस्था (घ) यौवनावस्था

१४ पूर्व बाल्यावस्थालाई मनोवैज्ञानिकहरूले कुन नामकरण गरेका छन् ?

(क) खेलौनाको उमेर (ख) पूर्व विद्यालय उमेर (ग) समस्यापूर्ण उमेर (घ) पूर्व बालसमूह उमेर

१५ कुन पूर्व बाल्यावस्थाको विकासात्मक कार्य होइन ?

(क) व्यक्तिगत स्वतन्त्रता प्राप्त गर्नु (ख) ठोस खानेकुरा खान सिक्नु

(ग) कुराकानी गर्न सिक्नु (घ) आफ्नो लुगा आफैं लगाउन सिक्नु

१६ सिकाइलाई व्यवहार समायोजनको प्रगतिशील प्रक्रियाका रूपमा परिभाषित गर्ने विद्वान् को हुन् ?

(क) ग्याग्ने (ख) गिलफोर्ड (ग) स्किनर (घ) गेटे

१७ सिकाइमा सबैभन्दा बढी प्रभाव पार्ने तत्त्व कुन हो ?

(क) शिक्षक (ख) वातावरण (ग) प्रेरणा (घ) सिकारु

१८ घोडा चढ्न सिकेको व्यक्तिले साइकल चढ्न सिक्दा हुने सिकाइको स्थानान्तरण कस्तो प्रकारको स्थानान्तरण हो ?

(क) शून्य स्थानान्तरण (ख) सकारात्मक स्थानान्तरण

(ग) नकारात्मक स्थानान्तरण (घ) कुनै पनि होइन

१९ पाठ्यक्रमका तत्त्वहरूको उपयुक्त क्रम कुन हो ?

(क) उद्देश्य, शैक्षिक सामग्री, शिक्षण क्रियाकलाप, मूल्याङ्कन

(ख) उद्देश्य, विषयवस्तु, शिक्षण क्रियाकलाप, मूल्याङ्कन

(ग) उद्देश्य, विषयवस्तु, शैक्षिक सामग्री, मूल्याङ्कन

(घ) विषयवस्तु, उद्देश्य, शिक्षण विधि, मूल्याङ्कन

२० कक्षा ४-५ को उमेर समूह कुन हो ?

...विराज सोती
...प्रशासकीय अधिकृत

...बहादुर बोगटी
अध्यक्ष

Scanned with CamScanner

(क) ८ देखि ११ वर्षसम्म (ख) ८ देखि ९ वर्षसम्म (ग) ८ देखि १० वर्षसम्म (घ) ९ देखि १० वर्षसम्म

२१ कक्षा १–३ मा नेपाली विषयको वार्षिक पाठ्यघण्टा कति निर्धारण गरिएको छ ?

(क) ३ (ख) ४ (ग) ५ (घ) ६

२२ कक्षा ६–८ को स्थानीय विषयको पाठ्यभार वार्षिक कति कार्यघण्टा रहेको छ ?

(क) १२८ (ख) १६० (ग) १२० (घ) १४५

२३ नेपालमा लेटर ग्रेडिङ पद्धतिमा कति ग्रेडको व्यवस्था गरिएको छ ?

(क) ७ (ख) ६ (ग) ८ (घ) ९

२४ हाल नेपालको विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्य कति ओटा तोकिएका छन् ?

(क) १२ (ख) ११ (ग) १३ (घ) १०

२५ तलका मध्ये कुन प्रारम्भिक बालविकास तथा शिक्षाको सक्षमता हो ?

(क) शारीरिक तन्दुरुस्ती, स्वस्थकर जीवनशैली र जीवनोपयोगी सिपको विकास

(ख) आधारभूत गणितीय अवधारणा र सिपको विकास र प्रयोग

(ग) आधारभूत भाषिक तथा सञ्चार सिपको विकास र प्रयोग

(घ) वैयक्तिक सुरक्षाका उपायहरू अवलम्बन

२६ कम्प्युटरका पिता भनेर कसलाई चिनिन्छ ?

(क) चार्ल्स ब्याबेज (ख) लेडी अगस्ट अडा (ग) विलियम औरंगेज (घ) पास्कल

२७ कम्प्युटरको माध्यमबाट पत्र, सूचना आदि एक ठाउँबाट अर्को ठाउँमा पठाउने प्रक्रियालाई के भनिन्छ ?

(क) च्याट (ख) पावरप्वाइन्ट (ग) मेसेन्जर (घ) इमेल

२८ बहुकक्षा शिक्षणलाई कुन अवस्थामा उपयोगी मानिन्छ ?

(क) भौगोलिक दृष्टिले विकट हुँदा (ख) शिक्षक र विद्यार्थी सङ्ख्याको कमी हुँदा

(ग) आवश्यक सङ्ख्यामा कक्षाकोठा उपलब्ध नहुँदा (घ) माथिका सबै

२९ कक्षाकोठा व्यवस्थापनमा कुन कुरा पर्दैन ?

(क) कालोपाटीको रखाइ (ख) विद्यार्थीको बसाइ (ग) कक्षाकोठाको सरसफा (घ) वार्षिक शैक्षिक योजना

३० २०७८ सालको मदन पुरस्कार कुन कृतिलाई प्रदान गरियो ?

(क) दमिनी भिर (ख) राधा (ग) अनि (घ) ऐना

३१ प्रतिनिधि सभाका वर्तमान सभामुखको नाम के हो ?

विविराज सोती
प्रशासकिय अधिकृत

बहादुर बोगटी
अध्यक्ष

Scanned with CamScanner

(क) सुवास नेम्वाङ (ख) ओनसरी घर्ती (ग) अग्नि सापकोटा (घ) देवराज घिमिरे

३२. नेपालका सबैभन्दा पहिले घोषणा गरिएका राष्ट्रिय विभूति को हुन ?

(क) पासाङ ल्हामु शेर्पा (ख) जयपृथ्वीबहादुर सिंह (ग) भक्ति थापा (घ) गङ्गाधर माझी

३३. नेपालको संविधान कहिले जारी भएको हो ?

(क) २०७२ असोज ३ (ख) २०७२ असोज २ (ग) २०७२ माघ १ (घ) २०७२ मंसिर ७

३४. नेपालको संविधानमा अपाङ्गता भएका नागरिकलाई कुन तहसम्मको शिक्षा निशुल्क पाउने हकको व्यवस्था गरिएको छ ?

(क) आधारभूत तह (ख) माध्यमिक तह (ग) उच्च शिक्षा (घ) अनौपचारिक शिक्षा

३५. विद्यालय व्यवस्थापन समितिमा कति जना सदस्य रहने व्यववस्था छ ?

(क) १० (ख) ११ (ग) १२ (घ) ९

३६. शिक्षा ऐन २०२८ अनुसार राष्ट्रिय परीक्षा बोर्डका मनोनित सदस्यको पदावधि कति हुन्छ ?

(क) २ वर्ष (ख) ३ वर्ष (ग) ४ वर्ष (घ) ५ वर्ष

३७. महिला शिक्षकले नपाउने बिदा तलका मध्ये कुन हो ?

(क) प्रसूति स्याहार बिदा (ख) किरिया बिदा (ग) बिरामी बिदा (घ) प्रसूति बिदा

३८. शिक्षकले पालन गर्नुपर्ने आचारसंहिता शिक्षा नियमावलीको कति नियममा उल्लेख गरिएको छ ?

(क) १३५ (ख) १३६ (ग) १३४ (घ) १३३

३९. पाठ्यक्रम सिकाइको योजना हो । यो परिभाषा कसको हो ?

(क) फ्रोवेल (ख) कनिंघम (ग) हिल्डा टावा (घ) राशिपयो २०२८

४०. आधारभूत विद्यालय खोल्न सिफारिस गर्ने कार्य कसको अधिकार क्षेत्रभित्र पर्दछ ?

(क) वडा समिति (ख) गाउँ/नगर शिक्षा समिति

(ग) शिक्षा विकास तथा समन्वय इकाइ (घ) गाउँ/नगरपालिका

चिरिराज कार्की
नि.प्रमुख प्रशासकीय अधिकृत

चक्र बहादुर बोगटी
अध्यक्ष

Scanned with CamScanner

# शिक्षण विधि र विषयगत ज्ञान सम्बन्धी

विषयगत -खण्ड ख ६०

१ विद्यार्थी केन्द्रित शिक्षण विधि भनेको के हो ? यस भित्र पर्ने कुनै ४ ओटा शिक्षण विधि लेख्नुहोस् । (५)

२ विद्यार्थीको सिर्जनात्मककलाको विकास गर्न छपाई कार्य सम्वन्धी शिक्षण गर्न के कस्तो कार्यकलापहरु गर्नु हुन्छ ? कुनै ५ ओटा कार्यकलाप लेख्नुहोस् । (५)

३ पूर्व वाल्यावस्थामा विद्यार्थीहरुमा पाइने विशेषताहरु लेखी यीनीहरुको शिक्षण सिकाईमा के सम्बन्ध रहेको हुन्छ ? लेख्नुहोस् । (५)

४ प्रारम्भिक कक्षाको भाषा शिक्षणमा पढाइ(पठन)का तत्वहरु के के हुन ? (५)

५ असल बालविकास सहजकर्ताको शैक्षिक तथा पेसागत गुणहरु बुँदागतरुपमा लेखी र वालविकास सहजकर्ताको जिम्मेवारी के कस्तो हुनु पर्छ? लेख्नुहोस् । (५)

६ . प्राथमिक उपचार भनेको के हो? प्रारम्भिक वालविकास कक्षामा हुन सक्ने घटनाहरु लेखी तिनीहरुको सुरक्षात्मक उपायहरु लेनुहोस् । (५)

७.सुचना तथा सञ्चार प्रविधि भनेको के हो ? शिक्षण सिकाइमा सुचना तथा सञ्चार प्रविधिको महत्वहरुको वर्णन गर्दै प्रारम्भिक वालविकास कक्षामा शिक्षण गर्दा यसको प्रयोग कुन कुन रुपमा गर्न सकिन्छ ?लेख्नुहोस् । (१०)

८.दैनिक पाठ योजना के हो ? प्रारम्भिक वालविकास कक्षाका विद्यार्थीहरुलाई सरसफाईको अवधारण दिन कुनै विषयवस्तु छनौट गरी सो को अर्थपुर्ण शिक्षणका लागी एक नमुना दैनिक पाठयोजना तयार पार्नुहोस् ।(१०)

९.चुरे गाउँपालिका मा रहेका कुनै ५ वटा पर्यटकिय क्षेत्रका नाम लेख्दै यसको प्रचार प्रसार तथा सम्वर्धनको लागी गर्नुपर्ने पहलहरुलाई ५ ओटा वुदामा लेख्नुहोस् । (१०)

चिरिराज कार्की
नि.प्रमुख प्रशासकिय अधिकृत

चक्र बहादुर बोगटी
अध्यक्ष

Scanned with CamScanner